नौकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## पशुसेवा शाखा,

पारच्यांङ, रसुवा

### ३ नम्बर प्रदेश, नेपाल

## प्रस्तावनामा आधारित युवा लक्षित तथा साना ब्यबसायिक उद्धमशिलता सम्बन्धी कार्यक्रमको प्रस्तावना आह्ववान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०७५/११/ २२**

यस नौकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत पशु बिकाश शाखा को आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार युवा हरुलाई उत्पादन प्रबर्धन सम्बन्धि कार्यक्रमको माध्यम बाट स्वरोजगार प्रबर्धन गर्ने सम्बन्धि कार्यक्रम रहेको हुँदा ईच्छुक १८ वर्ष पुरा भई ४० ननाघेको उमेरका १२ जना बिशेष गरि विदेशबाट फर्केका अर्ध बेरोजागार युवा बाट प्रस्ताब आह्ववान को लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावित युवा साझेदारी फार्म हरुले लाभान्वित सरकारी निकाय बाट बिगत २ आर्थिक बर्ष सम्म समान प्रकृतिको नगद वा अनुदान सहयोग लिई सकेको भए सोहि प्रकृतिको अनुदान कार्यक्रममा सहभागी हुन पाउने छैन । यो सूचना प्रथम पटक प्रकाशन भएको मिति देखि १५ दिन भित्र प्रस्ताब पेश गरिसक्नु पर्ने हुन्छ । म्याद नाघिआएका वा रित पुर्बक दर्ता नगरिएका प्रस्ताब हरु माथि कुनै कारबाही हुने छैन | प्राप्त प्रस्ताब हरुलाई पशुसेवा साखा अन्तर्गत संचालित युवा लक्षित कार्यक्रम कार्यान्यवन कार्यविधि २०७५ मा उल्लेख भएको मुल्यांकनको आधारमा मुल्यांकन गरि प्रतिस्प्रधात्मक पद्दति बाट सम्भावित स्तर का युवा कृषक तथा फर्म हरुलाई पशुबिकाश शाखाको स्वीकृत बजेट परिधि भित्र रही बढीमा रु ४०,००० ।- ( चालिस हजार मात्र ) सम्म अनुदान रकम उपलब्ध गराइने व्यहोरा जानकारी गराइन्छ । **पुनश्च :-** कार्यविधिमा उल्लेखित भए बमोजिम आबेदन फारम को साथमा तपशिल बमोजिमका कागजातहरु संलग्न राख्नु हुन यसै सूचना द्वारा सुचित गरिन्छ । साथै आबेदन फारम गाउँ पालिकाको पशु सेवा शाखा बाट तथा सम्बन्धित वडा बाट प्राप्त गर्न सकिन्छ ।

**तपशिल**

१ ) कार्यालयबाट प्राप्त आबेदन फारम ।

२ ) कार्यालय बाट प्राप्त सन्क्षिप्त कार्ययोजना ।

३ ) वैदशिक रोजगार बाट फर्केको भए सो खुल्ने प्रमाण -पत्र

४ ) नेपाली नागरिकता को प्रमाणित प्रतिलिपि ।

५ ) सम्बन्धित वडा कार्यलयको सिफारिस ।

६) अन्य प्रमाणित पत्रहरु ( फर्म दर्ता ,कर चुक्ता ,सम्बन्धित बिषयको तालिम ,शैक्षिक योग्यता ,भाडाको जग्गा भए भाडा को सम्झैता पत्र ।

*नोट :- प्रस्तुत सूचना सम्बन्धमा तथा अन्य सम्बन्धि थप जानकारी लिनको लागि निम्न सम्पर्क नं. मा सम्पर्क गर्न सकिनेछ*

*फोन नं. ९८२९५८३६२८ ,*

२०७५।११।२२ २०७५।११।२२